ऐरावती गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बरौंला, प्युठान

लुम्बिनी प्रदेश, नेपाल

प.सं.२०८३/०८४

च.नं.

मितिः२०८३/०६/२८

किसान सूचीकरण गर्ने सम्बन्धी सूचना

(सूचना नं. १९/०८३/०८४)

उपर्युक्त बिषयका सम्बन्धमा कृषि वन तथा पर्यावरण मन्त्रालयको प.स. ०८३/०८४ (च.नं. ७०), मिति २०८३/०६/०८ गतेको पत्रानुसार कृषि कार्यक्रमहरु कार्यान्वयनका लागि कृषकहरुको किसान सूचीकरण प्रणालीमा दर्ता भएको दर्ता नम्बर अनिवार्य रुपमा प्रयोग गर्ने परिपत्र भएको हुदाँ किसान सूचीकरण प्रणाली व्यवस्थापन तथा संचालन निर्देशिका, २०८१ बमोजिम ऐरावती गाउँपालिकाको वडा नं. १ देखि ६ सम्मका सम्पूर्ण किसानहरुको किसान सूचीकरण कार्यक्रम अन्तर्गत किसान परिचयपत्र वितरण कार्यका लागि किसानको विवरण अनलाईन प्रणालीमा प्रविष्ट गर्ने कार्य भैरहेको छ। हाल सम्म पनि किसान सूचीकरण प्रणालीमा दर्ता हुन छुटेका किसानहरुले ऐरावती गाउँपालिकाको कृषि विकास शाखामा सम्पर्क गरी तपसिल बमोजिमका कागजातहरु सहित आफ्नो विवरण दर्ता गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

.....२०८३.०६.२८.....

सरद गौतम

(प्रमुख प्रशासकीय अधिकृत)

प्रमुख प्रशासकीय अधिकृत

तपसिल

- नेपाली नागरिकता।
- पासपोर्ट साईज फोटो १ प्रति।
- जग्गाको लालपुर्जा/जग्गा खुल्ने कागजातहरु।
- कृषि फर्म दर्ता भएको हकमा फर्म दर्ताका सम्पूर्ण कागजातहरु।

(थप जानकारीको लागि कृषि प्राबिधिकहरुको सम्पर्क नं. ९७६८९५९९४०, ९८४०६५६२१७)